apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




समाचार ३ पृष्ठ

● वर्ष: १२ ● अंक: २०० ● पृष्ठ: ४ ● २१ साउन २०८३ विहीबार (06 August 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## गोलबजार घटनाको प्रारम्भिक छानबिन सम्पन्न, उच्चस्तरीय टोली काठमाडौं फिर्ता

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २० गते**



सुनसरी घटनापछि सिरहाको गोलबजारमा भएको आन्दोलनका क्रममा गणेश यादवको मृत्यु भएको घटनाबारे छानबिन गर्न गठन गरिएको उच्चस्तरीय समितिले प्रारम्भिक अनुसन्धान सम्पन्न गरी काठमाडौं फर्किएको छ।

गृह मन्त्रालयका सहसचिव पुष्पराज शाहीको नेतृत्वमा खटिएको छानबिन टोलीले तीन दिनसम्म सिरहामा स्थलगत निरीक्षण, तथ्य तथा प्रमाण संकलन र सरोकारवालासँग छलफल गरेको थियो। अनुसन्धानको प्रारम्भिक चरण पूरा गरेपछि टोली काठमाडौं फर्किएको हो।

गृह मन्त्रालयका उपसचिव तथा समितिका सदस्यसचिव कुलशेखर अर्यालका अनुसार टोलीले विभिन्न राजनीतिक दलका प्रतिनिधि, उद्योग वाणिज्य संघ, स्थानीय समुदाय, प्रत्यक्षदर्शी, सुरक्षा निकाय तथा प्रमुख जिल्ला अधिकारीसँग छलफल गरी घटनासम्बन्धी आवश्यक जानकारी संकलन गरेको छ।

टोलीले आन्दोलनका क्रममा घाइते भएका व्यक्तिलाई धरान पुगेर भेटघाटसमेत गरेको थियो। उपचारमा संलग्न चिकित्सकहरूको भनाइ उद्दृत गर्दै उपसचिव अर्यालले घाइतेको स्वास्थ्य अवस्था अहिले सामान्य रहेको र दुई–तीन दिनभित्र अस्पतालबाट डिस्चार्ज गरिने जानकारी प्राप्त भएको बताए।

समितिले तोकिएको समयसीमाभित्र गृह मन्त्रालयमा विस्तृत प्रतिवेदन पेश गर्ने तयारी गरिरहेको जनाएको छ।

यसअघि टोलीले सोमबार घटनास्थलको निरीक्षण गरेको थियो भने मंगलबार गोलबजार नगरपालिकाका प्रमुख श्यामकुमार श्रेष्ठको अध्यक्षतामा आयोजित सर्वदलीय बैठकमा सहभागी भई राजनीतिक दलका प्रतिनिधिबाट घटनाबारे थप जानकारी तथा सुझाव संकलन गरेको थियो।

## लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं।
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं।
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं।
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं।
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं।
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं।
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

**लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## मधेशको मन्त्रिपरिषद् घटाउन कहाँ लाग्यो 'ब्रेक' ?




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २० गते**

मधेश प्रदेशमा मन्त्रालयको संख्या घटाउने सहमति कागजमै सीमित भएको छ।

नेपाली कांग्रेस नेतृत्वको मधेश सरकारले गएको जेठ १२ गते सत्तासाझेदार दलसँग १५ बुँदे सहमति गरेको थियो। सहमतिका बेला यही नयाँ आर्थिक वर्षदेखि मधेशमा मुख्यमन्त्रीसहित नौ मात्र मन्त्रालय राख्न सत्तासाझेदार दलहरू एकमत भएका थिए।

कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेताहरूले हस्ताक्षर गरेको सहमतिपत्रको ४ नम्बर बुँदामा भनिएको छ, "आ.व. २०८३/०८४ बाट कायम हुने गरी हाल मधेश प्रदेश सरकारमा कायम रहेको मन्त्रिपरिषद्मा मन्त्रीहरूको संख्या घटाई मुख्यमन्त्रीसहित नौ कायम गरिनेछ। मन्त्रिपरिषद्को संख्या नौ कायम भएपश्चात् मन्त्रालयको बाँडफाँट गर्दा मुख्यमन्त्रीलाई साझा राख्दै नेकपा (एमाले)ले तीनवटा, नेपाली कांग्रेसले तीनवटा र नेपाली कम्युनिस्ट पार्टीले दुईवटा मन्त्रालय पाउनेछ।"

तर, नयाँ आर्थिक वर्ष सुरु भएको तीन साता बितिसक्दा मधेशमा मन्त्रालय घटाउने विषयमा औपचारिक प्रक्रिया थालिएको छैन। मुख्यमन्त्री कृष्णप्रसाद यादवले मन्त्रालय घटाउने प्रक्रिया अगाडि बढाउन बाँकी नै रहेको बताए।

"स्थिति, परस्थिति फरक भएको छ। त्यही भएर प्रक्रिया

बाँकी पृष्ठ ३ ▸▸

## लहानमा अभियानकै रुपमा बनाइँदै घरघरमा शौचालय



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २० गते**


लहान नगरपालिकाले स्वच्छता अभियानमार्फत घरघरमा शौचालय बनाउन थालेको छ। यो नगरपालिका २०७४ सालमै खुला दिशामुक्त क्षेत्र घोषणा भएको थियो। तर, घोषणा भएको १० वर्ष पुग्न लाग्दा पनि अझै ४२०१ घरधुरीमा शौचालय नरहेको देखिएको छ।

८ महिनाअघि नगरपालिकाले स्वच्छता अभियानअन्तर्गत सर्भे गरेको थियो। त्यसमा नगरको २३ हजार १९० घरधुरीमध्ये ४ हजार २०१ मा शौचालय नरहेको पाइएको छ। १५ हजार ९१२ घरधुरीमा कार्यशिल र ३४ सय ४४ घरधुरीमा शौचालय भए पनि सक्रिय रुपले प्रयोग नगरिरहेको पाइएको हो।

बाँकी पृष्ठ ४ ▸▸

## मधेश केन्द्रित दलको राजनीति: कहिले विपरीत ध्रुवमा, कहिले आपसमा मोर्चाबन्दी

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २० गते**



तराई/मधेशमा विभिन्न सात दल सम्मिलित मोर्चा बनेको छ।

साउन २३ गते घोषणा हुन गइरहेको सो मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, डा. सीके राउत नेतृत्वको जनमत पार्टी, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल, जनार्दन शर्माको प्रगतिशील लोकतान्त्रिक पार्टी, रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी, प्रभु साह नेतृत्वको आम जनता पार्टी र हरिनन्दन कुमार अम्बेडकर नेतृत्वको बहुजन एकता पार्टी छन्।

मोर्चा कसको नेतृत्वमा रहने भन्ने स्पष्ट भएको छैन। साउन २३ गते नै विस्तृत घोषणा हुने जनता समाजवादी पार्टी नेपालका नेता जितेन्द्र सोनलले बताए। 'मोर्चा सञ्चालनको कार्यविधि, त्यसको कार्यदिशा, कार्यक्रम लगायतको विषयमा छलफल चलिरहेको छ,' उनले भने, 'सबै कुरा घोषणाकै दिन सार्वजनिक गर्छौं।'

वर्तमान राजनीतिक अवस्थामा दलहरूको बिचमा मोर्चाबन्दी गर्नुपरेको बताउँदै उनले विचार, सिद्धान्त मिल्ने अन्य दललाई पनि बिस्तारै जोड्ने जानकारी दिए।

बाँकी पृष्ठ ३ ▸▸

## पेस्तोलसहित तीन जना युवक पक्राउ



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २० गते**

सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका- ६ स्थित सलोखरी दास टोलबाट प्रहरीले पेस्तोलसहित तीनजनालाई मंगलबार राति पक्राउ गरेको छ। पक्राउ पर्नेमा सलोखरीका करिब १९ वर्षीय सञ्जय दास, २० वर्षीय गुरुदेव दास र साबरजित दास रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मंगलबार राति करिब साढे १० बजेतिर धार्मिक पर्यटकीयस्थल फूलबारीधाम क्षेत्रबाट आउँदै गरेका उनीहरूलाई चेकजाँच गर्ने क्रममा साबरजित दासको साथबाट पेस्तोल र म्यागजिन बरामद भएको हो।

बाँकी पृष्ठ ३ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## ओडिएफ सफल बनाउन शौचालय बनाउ

सिरहा जिल्ला २०७४ सालमै मधेश प्रदेशकै पहिलो खुला दिसामुक्त (ओडिएफ) जिल्ला घोषणा भएको थियो। त्यो घोषणा तत्कालीन समयमा निकै महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको थियो। स्थानीय तह, सरकारी निकाय तथा विभिन्न विकास साझेदार संस्थाहरूले अभियानलाई सफल बनाउन खेलेको भूमिकाको प्रशंसा पनि गरिएको थियो। तर, घोषणा भएको करिब एक दशक पुग्न लाग्दा वास्तविक अवस्था भने फरक देखिएको छ। लहान नगरपालिकाको पछिल्लो सर्वेक्षणले २३ हजार १९० घरधुरीमध्ये ४ हजार २०१ घरमा अझै शौचालय नै नभएको र ३ हजार ४४४ घरधुरीमा शौचालय भएर पनि नियमित प्रयोग नभइरहेको तथ्य सार्वजनिक गरेको छ। यसले खुला दिसामुक्त घोषणाको दिगोपनमाथि गम्भीर प्रश्न उठाएको छ। खुला दिसामुक्त घोषणा कुनै अन्तिम उपलब्धि होइन, यो त स्वस्थ, सुरक्षित र सभ्य समाज निर्माणको प्रारम्भिक चरण मात्र हो। घोषणा गरेपछि त्यसको निरन्तर अनुगमन, शौचालयको प्रयोग सुनिश्चित गर्ने कार्यक्रम र व्यवहार परिवर्तनका अभियान प्रभावकारी रूपमा सञ्चालन हुनुपर्छ।

लहान नगरपालिकाले स्वच्छता अभियानमार्फत शौचालयविहीन घरपरिवारको पहिचान गरी घरघरमा शौचालय निर्माण गर्ने अभियान थालेको छ। यो सकारात्मक र स्वागतयोग्य कदम हो। विशेष गरी दलित, मुसहर तथा अति विपन्न समुदायलाई प्राथमिकतामा राखेर अभियान सञ्चालन गर्नु सामाजिक न्यायको दृष्टिले पनि महत्वपूर्ण छ। सरसफाइ र स्वच्छतामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। चिन्ताको विषय के हो भने शौचालय नहुनु मात्र समस्या होइन, भएका शौचालयसमेत प्रयोगमा नआउनु अर्को चुनौती हो। यसले पूर्वाधार निर्माणसँगै जनचेतना, व्यवहार परिवर्तन र सामाजिक उत्तरदायित्वलाई पनि समान महत्व दिनुपर्ने देखाउँछ। केही सम्पन्न परिवारमा समेत शौचालय नहुनु वा प्रयोग नगर्नु आर्थिक अभावभन्दा पनि चेतनाको कमी र लापरबाहीको संकेत हो। त्यसैले स्वच्छता अभियानलाई निर्माणमा मात्र सीमित नराखी नियमित प्रयोग, सरसफाइको संस्कार र जनसहभागितामा केन्द्रित गर्न आवश्यक छ। सिरहाका १७ वटै स्थानीय तहमा अझै हजारौं परिवार शौचालयविहीन रहेको अवस्था सार्वजनिक भएको छ। सबैभन्दा बढी गरिब, विपन्न र दलित समुदाय आज पनि खुला स्थानमा दिसापिसाब गर्न बाध्य छन्। यसले स्वास्थ्य जोखिम बढाउनुका साथै मानव मर्यादा, महिला तथा बालबालिकाको सुरक्षा र सामाजिक सम्मानसँग जोडिएका गम्भीर प्रश्न पनि उठाउँछ। विशेषगरी महिलाहरूले रातको अँध्यारो कुर्नुपर्ने बाध्यता, बालबालिकामा हुने संक्रमण र वातावरणीय प्रदूर्षणका समस्याले स्वच्छताको महत्व अझ स्पष्ट बनाउँछ।

विगतमा गरिएको घोषणामुखी कार्यक्रमभन्दा परिणाममुखी अभियानको आवश्यकता देखिन्छ। स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार संस्था, नागरिक समाज तथा समुदाय सबैले साझा जिम्मेवारीका साथ अघि बढ्नुपर्छ। शौचालय निर्माणका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने, नियमित अनुगमन गर्ने, विद्यालय र समुदायस्तरमा व्यवहार परिवर्तनसम्बन्धी अभियान सञ्चालन गर्ने तथा सबै नागरिकलाई स्वच्छताको अधिकार र दायित्वबारे सचेत बनाउने कार्यलाई प्राथमिकता दिनुपर्छ। खुला दिसामुक्त घोषणा गरेको जिल्ला भएर पनि हजारौं परिवार आधारभूत सरसफाइ सुविधाबाट वञ्चित हुनु गर्वको विषय होइन, सुधारको अवसर हो। लहान नगरपालिकाले थालेको अभियान सम्पूर्ण सिरहा जिल्लाभर विस्तार हुन सके मात्र २०७४ सालको घोषणा व्यवहारमा सार्थक हुनेछ। वास्तविक खुला दिसामुक्त जिल्ला त्यतिबेला मात्र बन्नेछ, जब सिरहाको कुनै पनि नागरिक शौचालयको अभावमा खुला स्थान प्रयोग गर्न बाध्य हुने अवस्था रहने छैन। त्ससँगै पालिकाहरुले सार्र्वजनिक स्थानमा पनि सार्वजनिक सौचालय निर्माण र त्यसको व्यवस्थापन सहितको प्रयोगमा जोड दिनुपर्छ। सिरहा जिल्लामा सार्वजनिक सौचालयको चरम अभाव पनि छ। जसले गर्दा सरकारी सेवा वा किनमेल गर्न बजार क्षेत्र पुग्नेहरु सास्ती भोग्नुपर्ने अवस्था छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

# 'तनाव मत्थर, निगरानी जारी'

## सुनसरी, सिरहा र धनुषाका सीडीओसँगको कुराकानी



सुनसरीको देवानगन्ज गाउँपालिका-३, कप्तानगन्जमा १० साउन राति दुई समूहबीच सुरु भएको विवाद हिंसात्मक झडपमा परिणत भएपछि कोसीका तराई क्षेत्र हुँदै मधेश प्रदेशका विभिन्न जिल्लासम्म तनाव फैलियो। त्यस क्रममा १९ साउनसम्म चार जनाको मृत्यु भएको छ भने घाइतेहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

गृहमन्त्री सुधन गुरुङले प्रभावित क्षेत्रमा पुगेर पीडित पक्ष तथा विभिन्न समूहसँग वार्ता गरेपछि तनाव मत्थर हुँदै गएको छ। यसै सन्दर्भमा जनजीवन, पछिल्लो सुरक्षा अवस्था र क्षतिको विवरणबारे सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याल, सिरहाका सुरेन्द्र पौडेल र धनुषाका प्रेमप्रसाद लुइँटेलसँग शम्भु रेग्मीले गरेको बातचितको सम्पादित अंश :

### 'सामाजिक सञ्जालमार्फत अफवाह फैलाउने काम गरे'



**ईश्वरीप्रसाद अर्याल**
प्रमुख जिल्ला अधिकारी, सुनसरी

**अहिले सुनसरी जिल्लाको समग्र शान्ति–सुरक्षाको अवस्था कस्तो छ ?**
अहिले स्थिति सामान्य छ । १७ साउनदेखि कर्फ्यु हटाएका छौं भने १८ साउन बेलुका ७ बजेदेखि बाँकी निषेधाज्ञा पनि हटाएका छौं।

झोक्राहा नरसिंह गाउँपालिकाले मंगलबार सद्भाव र्‍याली आयोजना गरेको छ। अन्य ठाउँमा पनि सद्भाव र्‍याली गर्ने क्रम जारी छ।

**जनजीवन सामान्य अवस्थामा फर्किएको भन्न मिल्छ ?**
हो, जनजीवन सामान्य अवस्थामा फर्किएको भन्न मिल्छ । छिटपुट घटनाबारे पूर्वानुमान गर्नु ठिक हुँदैन। अहिले अवस्था ठीक छ।

**कप्तानगन्जबाट सुरु भएको विवाद यति छिटो अन्य जिल्लासम्म फैलिनुले सुरक्षा संयन्त्रको कमजोरी देखिँदैन र ?**
विवाद अन्य जिल्लासम्म फैलिनुलाई सुरक्षा संयन्त्रको कमजोरी भन्न मिल्दैन । सुरक्षा निकायले आफ्नो जिम्मेवारी पूरा गरेका छन्।

सामाजिक सञ्जालमार्फत अफवाह फैलाउने काम भयो । हुँदै नभएका घटना राख्ने र तिनलाई बढाइचढाइ गर्ने प्रवृत्ति देखियो । सामाजिक सञ्जालमा मिथ्या सूचना धेरै फैलिएकाले सुनसरीको विवाद अन्य जिल्लासम्म पुगेको हो। सुरक्षाकर्मीका कारण विवाद फैलिएको होइन।

**यस्ता विवाद पुनः उत्पन्न नहोस् भनेर प्रशासनले कस्तो रणनीति अपनाउँदै छ ?**
विवादको कारण प्रशासनले बुझिसकेको छ। केही विषय नीतिगत रूपमा केन्द्र अर्थात् राज्यले हेर्नुपर्ने हुन्छ। स्थानीय रूपमा पनि हामीले अवस्थालाई निरन्तर निगरानीमा राखेका छौं । त्यहीअनुसार सुरक्षा कार्यक्रम सञ्चालन गरिरहेका छौं।

**घटनामा संलग्न व्यक्तिको पहिचान र कारबाही प्रक्रिया कहाँसम्म पुगेको छ ?**
घटनाको समग्र अध्ययन र संलग्न व्यक्तिको पहिचानका लागि छानबिन आयोग गठन भएको छ। आयोगको प्रतिवेदन आउन बाँकी छ। विस्तृत प्रतिवेदन आएपछि त्यसका आधारमा थप प्रक्रिया अगाडि बढ्छ।

**संवेदनशील क्षेत्रमा सुरक्षा व्यवस्था कस्तो बनाइएको छ ?**
संवेदनशील क्षेत्रमा सशस्त्र प्रहरी परिचालन गरेका छौं । सुरक्षा संयन्त्रलाई चुस्त बनाइएको छ।

**आमनागरिकलाई प्रशासनका तर्फबाट के भन्नुहुन्छ ?**
नागरिकलाई ढुक्क भएर बस्न तथा सामाजिक सद्भाव र भाइचारा कायम राख्न आग्रह गरेका छौं । आपसमा जुध्दा अशान्ति उत्पन्न हुन्छ र क्षति हामी आफैंलाई हुन्छ।

सबैलाई संयमित भएर बस्न अनुरोध गरेका छौं । प्रशासनका तर्फबाट पर्याप्त सुरक्षा व्यवस्थाको प्रत्याभूति दिलाउँछौं।

### 'संवेदनशील क्षेत्रमा सुरक्षा निगरानी बढाएका छौं'



**सुरेन्द्र पौडेल**
प्रमुख जिल्ला अधिकारी, सिरहा

**सिरहाको शान्ति–सुरक्षाको अवस्था अहिले कस्तो छ ?**
अहिले अवस्था ठिक छ। जिल्ला शान्त छ।

**जनजीवन पूर्ण रूपमा सामान्य भएको छ कि अझै त्रास बाँकी छ ?**
यहाँको जनजीवन सामान्य बनिसकेको छ।

**सुनसरीबाट सुरु भएको विवाद सिरहासम्म फैलिनुको मुख्य कारण के देख्नुहुन्छ ?**
यसको विश्लेषण विद्वान्हरूले गर्लान्। प्रशासनसँग यसको आफ्नै विश्लेषण छ। सबैले आआफ्नै तरिकाले विश्लेषण गर्ने हो।

**सिरहामा भएको जनधनको क्षतिको विवरण के छ ?**
क्षतिको विवरण संकलन भइरहेको छ।

**पीडितलाई राहत तथा क्षतिपूर्ति दिने प्रक्रिया कहाँसम्म पुगेको छ ?**
अहिले क्षतिको विवरण संकलनकै चरणमा छौं। विवरण यकिन भएपछि राहत तथा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढ्छ।

**घटनामा संलग्न व्यक्तिको पहिचान र कारबाही प्रक्रियाबारे के हुँदै छ ?**
गृह मन्त्रालयले छानबिन समिति गठन गरेको छ। समितिले घटनालाई विभिन्न कोणबाट अध्ययन गरिरहेको छ। हामीले पनि आफ्नो तहबाट बुझ्ने काम गरिरहेका छौं।

**समुदायबीच बढेको अविश्वास र मनोमालिन्य कम गर्न प्रशासनले कस्तो पहल गरिरहेको छ ?**
विभिन्न निकायको सहभागितामा सर्वदलीय तथा सर्वपक्षीय बैठक भइरहेका छन् । हामी सबै पक्षसँग निरन्तर समन्वयमा छौं।

**यस सन्दर्भमा सामाजिक सञ्जालको भूमिकालाई कसरी लिनुभएको छ ?**
नेपालमा सामाजिक सञ्जालको अवस्था तपाईंहरूले पनि बुझ्नुभएकै छ। जोसँग मोबाइल छ, ऊ पत्रकार, अभियन्ता वा धार्मिक विषयको प्रवक्ता जस्तो बन्ने प्रवृत्ति देखिएको छ। एउटा मोबाइल भएपछि आफूलाई सञ्चारकर्मी ठान्ने अवस्था छ।

यसलाई नियमन नगर्ने हो भने भविष्यमा समाजमा गम्भीर असर पर्छ। हामीले आफ्नो तहबाट गर्नुपर्ने काम गरिरहेका छौं र सरकारलाई पनि त्यहीअनुसार सुझाव दिइरहेका छौं।

**संवेदनशील क्षेत्रमा सुरक्षा व्यवस्था कस्तो बनाइएको छ ?**
प्राप्त प्रत्येक सूचनाको विश्लेषण गरेर संवेदनशील क्षेत्रमा सुरक्षा निगरानी बढाएका छौं।

**यस्ता घटना पुनः दोहोरिन नदिन प्रशासनको दीर्घकालीन रणनीति के छ ?**
सुरक्षा रणनीति पूर्ण रूपमा सार्वजनिक गर्न मिल्दैन । रणनीति खुलाउँदा कार्यान्वयनमा समस्या आउन सक्छ। स्थानीय तहमा गर्नुपर्ने र राज्यले नीतिगत रूपमा सम्बोधन गर्नुपर्ने विषय सरकारसमक्ष सिफारिस गरेका छौं। स्थानीय अवस्थाअनुसार रणनीति बनाएर काम गरिरहेका छौं।

**सिरहावासीलाई प्रशासनका तर्फबाट सन्देश के छ ?**
अतिवादले कसैको हित गर्दैन। आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकार हनन भइरहेको छ कि छैन भन्नेमा सचेत हुनुपर्छ।

कुनै घटना वा पीडालाई आफू त्यो अवस्थामा परेको भए के हुन्थ्यो भनेर सोचौं । प्रत्येक घटनालाई आफूसँग जोडेर हेर्दा विवेक जागृत हुन सक्छ। सम्पूर्ण सिरहावासीलाई मेरो यही आग्रह छ।

### 'क्षतिको विवरण संकलन हुँदै छ'



**प्रेमप्रसाद लुइँटेल**
प्रमुख जिल्ला अधिकारी, धनुषा

**सुनसरीको घटनाको प्रभाव धनुषासम्म पनि देखियो, अहिले शान्ति–सुरक्षाको अवस्था कस्तो छ ?**
अहिले सबै शान्त भइसकेको छ । कर्फ्यु र निषेधाज्ञा केही पनि छैन। धनुषाको अवस्था सामान्य छ। जिल्लामा आन्दोलन वा अन्य कुनै घटना छैन।

**धनुषामा भएको क्षतिको अवस्था कस्तो छ ?**
कसैको क्षति भएको छ भने नजिकको प्रहरी कार्यालयमा मुचुल्का उठाउन निवेदन दिन आग्रह गरेका छौं। क्षति भएका केही व्यक्ति सम्पर्कमा पनि आएका छन्। क्षतिको विवरण संकलन भइरहेको छ।

**पीडितलाई राहत तथा क्षतिपूर्ति दिने प्रक्रिया कहाँसम्म पुगेको छ ?**
सबैभन्दा पहिले कसको कति क्षति भएको छ भन्ने यकिन गर्नुपर्छ। त्यसपछि क्षतिपूर्ति कसरी र कुन निकायबाट दिने भन्ने विषय आउँछ। त्यसका लागि स्रोतको व्यवस्था पनि गर्नुपर्छ। त्यसैले कहाँ, कस्तो र कति क्षति भएको हो भन्ने विवरण मागेका छौं।

**समुदायबीच देखिएको अविश्वास र मनोमालिन्य हटाउन प्रशासनले दीर्घकालीन रूपमा कस्तो रणनीति अपनाएको छ ?**
जिल्लामा सद्भाव समिति गठन गरेका छौं । प्रदेशस्तरीय सद्भाव समिति गठन गर्ने विषयमा पनि छलफल भएको छ । पालिका र वडास्तरमा समेत यस्ता समिति गठन गर्ने योजना छ।

समितिको नियमित बैठकमार्फत समस्या देखिन सक्ने ठाउँको पहिचान गरी समयमै सक्रिय हुनुपर्छ। भाइचारा, सामाजिक सद्भाव र सहिष्णुता कायम गर्दै समस्याको दिगो समाधान खोज्ने दिशामा काम भइरहेको छ।

**संवेदनशील क्षेत्रमा सुरक्षाकर्मी परिचालन र निगरानी व्यवस्था कस्तो छ ?**
अहिले सबैतिरको अवस्था सामान्य छ। सुरक्षाकर्मीले विगतमा गर्दै आएको ड्युटीलाई थप प्रभावकारी बनाइएको छ।

**यस्ता घटना दोहोरिन नदिन पूर्वतयारी वा जोखिम न्यूनीकरणका लागि कस्ता योजना बनाइएको छ ?**
केही पूर्वतयारी गरिसकेका छौं भने केही थप तयारी आवश्यक छ । संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारले गर्नुपर्ने काम छुट्याएर योजना बनाइरहेका छौं।

पालिका तहका काम पालिकाले, स्थानीय स्तरका काम सम्बन्धित निकायले र सुरक्षा तथा प्रशासनिक

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** आज चन्द्रमा आफ्नै राशिमा रहेकाले मनमा ऊर्जा र उत्साह थपिनेछ।

**बृष :** खर्च बढ्ने र काममा केही ढिलासुस्ती हुन सक्ने योग छ। अनावश्यक यात्रा वा लेनदेनबाट बच्नुहोला।

**मिथुन :** आम्दानीका नयाँ स्रोतहरू पहिल्याउन सकिनेछ। पढाइ र रचनात्मक काममा रुचि बढ्नेछ।

**कर्कट :** सामाजिक प्रतिष्ठा बढ्ने र कार्यक्षेत्रमा पदोन्नति वा नयाँ जिम्मेवारी पाइने सम्भावना छ।

**सिंह :** भाग्यले साथ दिनेछ। रोकिएका धार्मिक वा सांस्कृतिक कामहरू पूरा हुनेछन्।

**कन्या :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले सतर्क रहनुहोला।

**तुला :** व्यापार-व्यवसायमा राम्रो लाभ मिल्नेछ। नयाँ साझेदारी वा सम्झौताका लागि अनुकूल समय छ।

**वृश्चिक :** शत्रु र प्रतिस्पर्धीहरू परास्त हुनेछन्। मुद्दा-मामिला वा विवादहरूमा तपाईंको जित हुनेछ।

**धनु :** बौद्धिक र रचनात्मक काममा सफलता मिल्नेछ। विद्यार्थीहरूका लागि अध्ययनमा प्रगति हुने समय छ।

**मकर :** पारिवारिक विषयलाई लिएर मनमा केही चिन्ता वा तनाव हुन सक्छ।

**कुम्भ :** तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ। दाजुभाइ तथा इष्टमित्रबाट पूर्ण सहयोग मिल्नेछ।

**मीन :** आर्थिक दृष्टिले आजको दिन निकै राम्रो छ। रोकिएको धन फिर्ता आउने वा नयाँ आम्दानीको बाटो खुल्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# धनुषामा सम्बन्धविच्छेदका घटना बढ्दो




**जनकपुरधाम, साउन २० गते ।** धनुषा जिल्लामा पछिल्लो समय सम्बन्धविच्छेदका घटना बढ्दै गएको छ । जिल्ला अदालतको पछिल्लो तथ्याङ्कले सामाजिक संरचना, बसाइँसराइ, आधुनिक जीवनशैली, आर्थिक अवस्थाका कारण सम्बन्धविच्छेदको घटना बढेको देखाएको हो ।

अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धविच्छेदसम्बन्धी ३३३ वटा मुद्दा दर्ता भएका थिए । अघिल्लो आर्थिक वर्षबाट सरेर आएका १६७ समेत अदालतमा सम्बन्धविच्छेदका ५०० मुद्दा अदालतमा थिए । त्यसमध्ये २८१ मुद्दामा फैसला भइसकेको छ भने २१९ मुद्दा विचाराधीन रहेको सूचना अधिकारी महतोले बताए ।

अघिल्लो आव २०८१/८२ मा सम्बन्धविच्छेदका ३१५ नयाँ मुद्दा दर्ता भएका थिए । त्यस वर्ष ३४७ मुद्दामा फैसला भएको थियो । एक सय ६७ मुद्दा चालु आर्थिक वर्षमा सरेका थिए । सम्बन्धविच्छेदसम्बन्धी मुद्दा लगातार बढ्दो दर्ता सङ्ख्याले धनुषामा वैवाहिक सम्बन्धमा तनावको प्रवृत्ति बढ्दै गएको देखाएको छ ।

शिक्षामा चेतनासगै महिलाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार, वैदेशिक रोजगारीका कारण लामो समयसम्म पति-पत्नी बेग्लै रहनुपर्ने परिस्थिति, सामाजिक सञ्जालको बढ्दो प्रयोग, पारिवारिक विवाद तथा घरेलु हिंसाका घटनाले वैवाहिक सम्बन्ध अन्त्यका घटना बढिरहेको कानुन व्यवसाय राजकुमार महासेठले बताए ।

उनका अनुसार गरिबी, बेरोजगारी, वैदेशिक रोजगारीबाट ल्याएको परिवर्तन, एक्लै बस्न रुचाउने जीवनशैली तथा व्यक्तिगत स्वतन्त्रताको बढ्दो चेतनाले दाम्पत्य सम्बन्धलाई नयाँ चुनौती दिइरहेको छ ।

पछिल्लो समय महिला वा पुरुष दुवैले आफूलाई अन्याय भएको महसुस

बाँकी पृष्ठ ४ ▸▸

# जिउमा प्लास्टिक, पैतालामा घाउ– काठमाडौं हानिएका लघुवित्त पीडितको व्यथा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन २० गते**



झमझम परिरहेको पानी । कसैले शरीरमा प्लास्टिक बेरेका छन् त कसैले बोरा ओढेर ओत लाग्ने प्रयास गरिरहेका छन् । साथमा छन् पोकापन्तुरा । बच्चादेखि वृद्धसम्म । १० दिनदेखि सडकको तातो र चिसो नभनी हिँडिरहेका यी गोडाहरू सुन्निएका छन्, कतिपयका पैतालामा घाउ लागेर रगत जमेको छ । तर, शरीरको दुखाइभन्दा ऋणको बोझले थिचिएको मनको पीडा निकै गहिरो छ ।

यो दृश्य हो, लघुवित्त र मिटरब्याजको चक्रव्यूहमा फसेका पीडितहरूको, जो 'नागरिक बचाउ महाअभियान' अन्तर्गत सर्लाहीको हरिवनबाट पैदल यात्रा सुरू गरेर १० औं दिनमा बुधबार चितवन आइपुगेका छन् ।

उनीहरूको गन्तव्य एउटै छ– संघीय राजधानी काठमाडौं र माग पनि एउटै छ– लघुवित्तको आतंकबाट मुक्ति र न्याय ।

पैदल यात्रीमध्येकी एक हुन् बाराकी जीरामती ।

उनले १ लाख ऋण लिएकी थिइन्, तर त्यो बढेर २ लाख, ३ लाख हुँदै ४ लाख पुगिसक्यो ।

'१० दिनदेखि सडकमा छौं, सरकारले हाम्रो दुःख बुझिदिए हुन्थ्यो,' उनी भन्छिन्, 'ऋण मिनाहा गरिदिए हामी बाँच्न सक्ने थियौं ।'

यस्तै पीडा बाराकै परमशीला देवीको पनि छ । ८० हजार र १ लाख उठाएको ऋण बैंकले ३ लाख पुऱ्याइदिएको उनी बताउँछिन् । लकडाउनका कारण काम गर्न नपाएपछि किस्ता तिर्न नसकेका उनीहरूलाई बैंकले 'कालो सूची' मा राखेर मानसिक तनाव दिएको छ ।

'हिँड्दा हिँड्दा जिउ दुखेर ज्वरो आइसकेको छ, तर हाम्रो समस्या सुन्ने कसले?' उनी प्रश्न गर्छिन् ।

करिब ३०० देखि ३५० जनाको संख्यामा रहेका यी पीडितहरूको अवस्था दयनीय छ ।

बाँकी पृष्ठ ४ ▸▸

## मधेशको मन्त्रिपरिषद् घटाउन कहाँ ..................

अगाडि बढेको छैन्," उनले अपन दैनिकसित भने, "प्राविधिक कुराहरू मिलाउनुपर्छ । हामी लागिरहेका छौं । जनतालाई रिजल्ट चाहिएको छ, हामी दिन्छौं ।"

कहिलेसम्म मन्त्रालय घटाउने भन्ने विषयमा उनले यकिनसाथ भन्न नसकिने प्रतिक्रिया दिए ।

मधेश प्रदेशसभामा एमाले संसदीय दलका नेता सरोजकुमार यादव (महोत्तरी)ले मन्त्रालय घटाउने प्रक्रिया अगाडि बढाउन मुख्यमन्त्रीलाई दुईपटक भनिए पनि चासो नदिएको गुनासो गरे । अबको एक साताभित्र यो प्रक्रिया अगाडि बढाउन पुनः झकझक्याइने उनले बताए ।

"योबीचमा परिस्थिति पनि अर्कै थियो । सरकार त्यसतर्फ व्यस्त भएर चासो लिएन," उनले भने, "त्यसअघि, मुख्यमन्त्रीजीको पार्टीभित्रै अर्कै समीकरणको कुरा चलिरहेको थियो । अब सबै साम्य भएको छ । प्रक्रिया अगाडि बढ्छ होला ।"

एमालेका मन्त्री दोहोरिने कि फेरिने विषयमा उनले पार्टी नेतृत्वसँग छलफल गरेर अगाडि बढ्ने बताए । मन्त्रीहरूको कार्यसम्पादनबारे पार्टी केन्द्रमा जानकारी गराइने उनले उल्लेख गरे । पार्टी नेतृत्वसँग सल्लाह गरेर मन्त्री फेर्ने/निरन्तरता दिने निर्णय गरिने उनले जानकारी दिए ।

नेकपाबाट उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री बनेका कनिश पटेलले यो विषयमा छलफल चलिरहेको बताए । तर, कुनै निर्णय नभएको उनले जानकारी दिए । एक साताभित्र यो विषयमा यकिनसाथ भन्न नसकिने उनको भनाइ छ ।

यस वर्ष वैशाख २३ गते जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएर अर्को सत्तासमीकरण बनाउने प्रयास गरेको थियो । तर, मुख्यमन्त्री यादवले जनता समाजवाद पार्टी (जसपा), नेपालका मन्त्रीलाई बर्खास्त गर्दै एमालेलाई सरकारमा ल्याएका थिए । हाल जसपा नेपाल, जनमत र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मधेशमा प्रतिपक्षको भूमिका छन् ।

## पेस्तोलसहित तीन जना युवक ..............

प्रहरी चौकी सीतापुरका इन्चार्ज प्रहरी सहायक निरीक्षक प्रदीप मधुवन (यादव)को नेतृत्वमा खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरी अनुसन्धानका लागि लहानस्थित इलाका प्रहरी कार्यालय लहान लगिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

पेस्तोल तथा म्यागजिनसहित पक्राउ परेकाहरूलाई हिरासतमा राखेर थप अनुसन्धान भइरहेको सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

## मधेश केन्द्रित दलको राजनीतिः कहिले विपरीत ध्रुवमा ...............

**उपेन्द्र, सीके र प्रभु एउटै मोर्चामा कसरी आए ?**

मधेशवादी नेतामध्ये उपेन्द्र यादव, सीके राउत र प्रभु साह फरक पृष्ठभूमिबाट उदाएका हुन् । उपेन्द्र यादवसँग सीके राउत र प्रभु साहको कहिल्यै सुमधुर सम्बन्ध रहेन । उनीहरूले आपसमा प्रतिस्पर्धी राजनीतिक छवि बनाएरै मधेशमा पहिचान बनाएका छन् ।

अहिले यी तीनै जना एउटै मोर्चामा आउनु धेरैका लागि अनौठो विषय बनेको छ । जेनजी आन्दोलनपछिको परिस्थितिले उनीहरूलाई मिल्न बाध्य पारेको जानकारहरू बताउँछन् ।

जनमत पार्टीका अध्यक्ष सीके राउत सुरुदेखि नै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको विपक्षमा थिए । यहाँसम्म कि राउतले २०७९ को आम निर्वाचनमा उपेन्द्र यादवसँगै प्रतिस्पर्धा गरेर पराजित तुल्याए । पराजित भएपछि उपेन्द्र यादव बारा-२ बाट उपनिर्वाचनमा उम्मेदवार बने । त्यहाँ पनि सीके राउतले आफ्नो पार्टीबाट पूर्वमाओवादी नेता शिवचन्द्र कुशावाहालाई उम्मेदवार बनाए । राउत उपनिर्वाचनभर बारामै खटिएका थिए ।

संघदेखि प्रदेशसम्म उपेन्द्र यादवको विरोध गर्नमा कुनै कसर बाँकी नराखेका अध्यक्ष सीके राउतले यसअघि बनेका संघीय लोकतान्त्रिक मोर्चामा उपेन्द्र यादवलाई स्वीकार गरेका थिएनन् । उपेन्द्र यादव मोर्चाको संयोजकको बन्न खोज्दा राउतले नै विरोध गरेका थिए ।

यद्यपि अहिले सीके राउत र उपेन्द्र यादव एउटै मोर्चामा सहभागी भएका छन् । उनीहरूले संयुक्त रूपमा संघर्ष गर्नेमात्र होइन, सँगै चुनाव पनि लड्ने तयारी गरेका छन् ।

जनमत पार्टीका महासचिव चन्दन सिंहले भने, 'राजनीतिमा प्रतिस्पर्धा हुनु आवश्यक छ । विनाप्रतिस्पर्धा राजनीति हुँदैन । प्रतिस्पर्धाको क्रममा पार्टीका नेताहरूले केही कुराहरू बोल्नुभएको होला, तर राजनीतिमा सबै कुरा सधैं एकनास हुँदैन । समयक्रम अनुसार परिवर्तन भइरहन्छ ।'

अहिलेको माग नै एकता र सहकार्य रहेको सिंहले प्रस्ट पारे । 'अहिले टुटेर होइन, जुटेर जाने आवश्यकता महसुस भएर तराई मधेशका दलहरू एकजुट भएका छन्,' उनले भने, 'अहिलेको अवस्थामा सबै तितामिठा कुरा बिर्सेर एक भएर अगाडि बढ्ने अवस्था आएको छ ।'

यता, आम जनता पार्टीका संयोजक प्रभु साह र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबिचको सम्बन्ध पनि राम्रो रहेन । उपेन्द्र यादव र प्रभु साहकै कारण गौर घटना भएको हो । प्रभु साहले नेतृत्व गरेको तत्कालीन माओवादीको मधेशी मुक्ति मोर्चा र उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरम नेपालबिच रौटहटको गौरमा भिडन्त हुँदा ठूलो जनधनको क्षति भएको थियो ।

गौर घटनालाई लिएर प्रभु साहले उपेन्द्र यादवको विरुद्धमा आन्दोलन गर्न र अदालतमा मुद्दा दायर गर्न लगाएका थिए । त्यो मुद्दा अझै विचाराधीन छ । अहिले प्रभु साह र उपेन्द्र यादव एउटै मोर्चामा हुनु पनि अनौठो मानिएको छ ।

## 'तनाव मत्थर, निगरानी ..............

जिम्मेवारी हामीले निर्वाह गर्ने व्यवस्था मिलाएका छौं । सबै क्षेत्रको साझा प्रयास र समन्वयबाट भविष्यमा यस्ता घटना हुन नदिने काम सुरु भइसकेको छ ।

**मनोवैज्ञानिक त्रास हटाउन र नागरिकमा भरोसा जगाउन प्रशासनले के गरिरहेको छ ?**

नागरिकमा भरोसा जगाउन सामाजिक सद्भाव र्‍याली आयोजना गरेका छौं । सञ्चारकर्मीको उपस्थितिमा पत्रकार सम्मेलन गर्‍यौं । आन्दोलनरत पक्षसँग संवाद गरेपछि उहाँहरूले आन्दोलनका सबै कार्यक्रम फिर्ता लिनुभएको छ ।

यी प्रयासले अवस्था शान्तितर्फ गएको विश्वास नागरिकमा बढेको छ ।

**प्रशासनका तर्फबाट तपाईंको सन्देश के छ ?**

कसैको चरित्र हत्या गर्ने वा धर्म, समुदाय, सम्प्रदाय तथा जातजातिविरुद्ध सामाजिक सञ्जालको दुरुपयोग नगर्न आग्रह गर्छौं ।

सञ्चारकर्मी भएको दाबी गर्दै बुम वा मोबाइल देखाउँदै भिडियो खिची सामाजिक सञ्जालमार्फत समाजमा द्वेष फैलाउने सामग्री प्रसारण गर्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्छ । यस्ता व्यक्तिलाई प्रशासनले कानुनको दायरामा ल्याउँछ र आमनागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउँछ । सामाजिक सञ्जालको दुरुपयोग गरी समाजमा अफवाह फैलाउने काम बन्द गर्न सबैलाई आह्वान गर्छु ।







# पत्रकारको आवरणमा लागूऔषध कारोबार, खैरो हेरोइनसहित तीन जना पक्राउ




✍ **अपन दैनिक संवाददाता**
**सिरहा, साउन २० गते**

पत्रकारको आवरणमा लागूऔषध कारोबारमा संलग्न रहेको आरोपमा प्रहरीले ४४.३४० ग्राम खैरो हेरोइनसहित तीन जनालाई पक्राउ गरेको छ।

लागूऔषध नियन्त्रण ब्युरोका अनुसार, बुधबार सिरहाको मिर्चैयाबाट काठमाडौं आउँदै गरेको बा १६ च ७८४६ नम्बरको कारलाई बर्दिबास शाखाबाट खटिएको टोलीले सिन्धुलीको दुधौली नगरपालिका-९ मा शंकाका आधारमा रोकी जाँच गरेको थियो। जाँचका क्रममा कारको गियर बक्सभित्र लुकाएर राखिएको ४४ ग्राम ३४० मिलिग्राम खैरो हेरोइनसहित कार चालक उमेशकुमार यादवसहित तीन पक्राउ गरेको ब्युरोले जनाएको छ।

सिरहा लक्ष्मीपुर पतारी गाउँपालिका- २ का २६ वर्षीय यादवको साथबाट 'जागरण खबर' नामक मिडियाको परिचयपत्र समेत बरामद गरिएको छ। सोही ठेगानाका २५ वर्षीय गुल्सनप्रसाद साह र लहान नगरपालिका-१० का ३० वर्षीय रमेशकुमार राम पक्राउ परेका छन्।

उक्त कार 'न्यूज रिपोर्टर' यादवले काठमाडौंस्थित हुलास फाइनान्सबाट किस्ताबन्दीमा लिइएको खुलेको पनि ब्युरोका प्रवक्ता दुर्गाराज रेग्मीले जनाएका छन्। पक्राउ परेकामाथि थप अनुसन्धान तथा कारबाहीका लागि इलाका प्रहरी कार्यालय डकाह, सिन्धुली पठाइएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४

# मानवीय सेवाबाट विमुख बडहरी रेडक्रसः करोडौंका एम्बुलेन्स कवाडी बन्दै, राहत सामग्री गोदाममै कुहियो

✍ **अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २० गते**



धनुषाको मिथिला नगरपालिका-९ बडहरीस्थित नेपाल रेडक्रस सोसाइटीको सामुदायिक विकास केन्द्र पछिल्लो समय मानवीय सेवाको उद्देश्यबाट विमुख भई बेवारिसे अवस्थामा पुगेको छ।

करिब चार दशकअघि परोपकार र विपद् व्यवस्थापनका लागि स्थापना गरिएको यो केन्द्र अहिले चरम बेथिति र निष्क्रियताको प्रतीक बनेको हो।

कुनै समय विपद्का बेला राहत सामग्री वितरणको केन्द्र बन्ने, एम्बुलेन्सको साइरन गुञ्जने र विभिन्न जीवनोपयोगी तालिम सञ्चालन हुने यो परिसर अहिले सुनसान बनेको छ। भवनका ढोकामा ताल्चा झुन्डिएका छन् भने मानवीय सेवाका लागि खरिद गरिएका चारवटा एम्बुलेन्स र रक्त संकलनका लागि ल्याइएको विशेष बस लामो समयदेखि खुला आकाशमुनि प्रयोगविहीन अवस्थामा थन्किएर कवाडीमा परिणत हुने अवस्थामा पुगेका छन्।

केन्द्रको स्थापना भएको दशकौं बितिसक्दा पनि स्थानीय समुदायले यसबाट अपेक्षित लाभ पाउन नसकेको गुनासो गरेका छन्। स्थानीय बासिन्दा धिरजकुमार महतोका अनुसार रेडक्रसको बोर्ड देखेर आकस्मिक अवस्थामा रगत खोज्न आउने सेवाग्राहीहरू रित्तो हात फर्किन बाध्य छन्।

उनले नर्सरीबाहेक अन्य कुनै सेवा समुदायले नपाएको भन्दै सो स्थानलाई आँखा अस्पताल वा अन्य उपयोगी स्वास्थ्य केन्द्रको रूपमा सञ्चालन गर्नुपर्ने सुझाव दिएका छन्। उनले भने, 'यहाँ रेडक्रसको बोर्ड देखेर मानिसहरू रगतका लागि आउँछन्, तर यहाँ कुनै सेवा उपलब्ध छैन।'

उनले अगाडि थपे, 'हामीले उनीहरूलाई जनकपुर वा बर्दिबास जान सल्लाह दिनुपर्ने अवस्था छ।'

त्यस्तै लालगढ उपशाखाकी पूर्वउपसभापति गोमा लामाले विगतमा केही गतिविधि हुने गरे पनि अहिले सबै सेवा ठप्प भएको बताएकी छन्। उनले संस्थाभित्रको आन्तरिक व्यवस्थापन र नेतृत्वको कमजोरीका कारण सेवा अवरुद्ध भएको संकेत गरेकी छन्।

केन्द्रको रेखदेखमा खटिएकी कर्मचारी जीवनदेवी कोइरालाका अनुसार पनि निर्वाचनका बेलाबाहेक अन्य समयमा त्यहाँ कुनै पनि औपचारिक कार्यक्रम वा स्वास्थ्य सेवा सञ्चालन भएका छैनन्।

स्थानीयले लगाएको अर्को गम्भीर आरोप भनेको विपद्का बेला वितरण गर्न ल्याइएको राहत सामग्रीको दुरुपयोग हो। पीडितका लागि आएका चामल, दाल र तेल जस्ता अत्यावश्यक सामग्री समयमै वितरण नगरी गोदाममै कुहाइएको र पछि ती सामग्री खाडल खनेर गाडिएको स्थानीयको दाबी छ। मानवीय संवेदनासँग जोडिएको यस्तो विषयमा संस्थाको नेतृत्व उदासीन देखिएको उनीहरूको ठहर छ।

जिल्ला कार्यसमितिको निष्क्रियता र कार्यसम्पादनमा प्रश्न उठेकाले नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयले धनुषा जिल्ला कार्यसमिति भंग गरी पंकज महतोको नेतृत्वमा तदर्थ समिति गठन गरेको छ। नवनियुक्त सभापति महतोले पदभार ग्रहण गरेलगत्तै बडहरी केन्द्रको स्थलगत निरीक्षण गर्दै संस्थाको वर्तमान अवस्थाप्रति गहिरो दुःख व्यक्त गरेका छन्।

उनले राहत सामग्री कुहाएर गाडिएको विषयमा विशेष छानबिन गर्ने र थन्किएका एम्बुलेन्स तथा बसलाई मर्मत गरी पुनः सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएका छन्। केन्द्रलाई पारदर्शी, उत्तरदायी र पूर्ण रूपमा समुदायमुखी बनाउने योजनाका साथ नयाँ तदर्थ समिति अगाडि बढ्ने उनले बताएका छन्।निरीक्षणका क्रममा सभापति महतोले भने, 'करोडौंको संरचना र महँगा एम्बुलेन्सहरू यसरी थन्किएको देख्दा म अत्यन्तै दुःखी छु।'

उनले अगाडि भने, 'रेडक्रस कसैको व्यक्तिगत सम्पत्ति वा गोजीको संस्था होइन।' उनले विगतमा भएका बेथितिहरूको गहिरो अनुसन्धान गरी दोषीलाई कारबाहीको दायरामा ल्याइने दावी समेत गरेका छन्।

बडहरीको यो केन्द्र अहिले केवल भौतिक संरचनामा सीमित बनेको छ। यसको पुनःस्थापना र सेवा प्रवाहको सुनिश्चितता नयाँ नेतृत्वका लागि प्रमुख चुनौती र अवसर दुवै बनेको छ। मानवीय सेवाको केन्द्र मानिने यो थलो अहिले मौन रित्तो भवनहरूको समूहमा सीमित भएको छ। नयाँ नेतृत्वले केन्द्रलाई पुनर्जीवन दिने प्रतिबद्धता व्यक्त गरेसँगै स्थानीयले सेवा पुनः सुचारु हुने आशा राखेका छन्।




## धनुषामा सम्बन्धविच्छेदका घटना ..............

गरेमा कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको उनको भनाइ छ। बढिरहेको सम्बन्धविच्छेदले समाजमा एकातिर व्यक्तिगत अधिकारप्रति देखिएको जागरूकता तथा अर्कोतर्फ पारिवारिक सम्बन्धमा संवाद र सहिष्णुताको कमी हुँदै गएको सङ्केत पनि गरेको छ।

कानुन व्यवसायी दीपककुमार विश्वकर्माका अनुसार सम्बन्धविच्छेद सम्बन्धी मुद्दा बढेसँगै अदालतमा पारिवारिक विवाद समाधानका लागि मध्यस्थताको आवश्यकता पनि बढ्दै गएको छ। समयमै परामर्श, मनोवैज्ञानिक सहयोग, वैवाहिक शिक्षा र पारिवारिक संवादलाई प्रोत्साहन गर्न सके बढिरहेको सम्बन्धविच्छेदका घटनालाई केही हदसम्म न्यूनीकरण गर्न सकिने छ। रासस

## जिउमा प्लास्टिक, पैतालामा घाउ- काठमाडौं ..............

महोत्तरी पिपरा गाउँका गोविन्द महतोका अनुसार, १०/१५ जनाको समूह बनाएर बैंकले ऋण त दियो, तर अहिले ब्याजमाथि ब्याज थपेर उठिबास लगाएको छ। महिनाको १२ हजार ५०० सम्म ब्याज तिर्दा पनि ऋण नसकिएको र कालो सूचीमा राखेर दुःख दिएको उनी बताउँछन्।

यहीँ टोलीमा छिन्, जनकपुरकी परमिला देवी दनुवार।

उनको कथा झनै कहालीलाग्दो छ। उनले महाजन (साहु) लाई पैसा बुझाइसक्दा पनि उल्टै जेल हाल्ने धम्की खेप्नु परिरहेको छ।

'पैसा त दिइसकें, तर महाजनले जेल हालिदिन्छु भन्छ,' उनी गहभरि आँसु पार्दै भन्छिन्।

महाअभियानका केन्द्रीय सदस्य राजेन्द्र परियारका अनुसार कतिपय पीडितहरू खाली खुट्टा हिँडिरहेका छन्, कतिपयका चप्पल फाटिसकेका छन्।

'हामी धर्मशाला र मन्दिरमा बास बस्दै आएका छौं, वर्खाको समय छ, बाटोमा बिरामी हुने र चोट लाग्नेहरूको संख्या बढ्दो छ,' परियारले भने।

आन्दोलनकारीहरूले मुख्य रूपमा १२ बुँदे सम्झौता लागू गर्नुपर्ने, कालो सूची फुकुवा गर्नुपर्ने र लघुवित्तको आतंक बन्द गर्नुपर्ने माग राखेका छन्।

चितवन आइपुगेका उनीहरू अब काठमाडौं छिरेर सरकारलाई दबाब दिने तयारीमा छन्।

'यदि हाम्रो माग पूरा भएन भने हामी काठमाडौं पुगेर आत्मदाह गर्न पनि पछि पर्ने छैनौं,' परियारले चेतावनी दिँदै भने, 'हामी खाली हात फर्किन आएका होइनौं।'

वर्खाको झरीमा रुझ्दै, भोक र थकाइलाई बिर्सेर न्यायको खोजीमा हिँडेका यी नागरिकहरूका अनुहारमा थकान त प्रष्ट देखिन्छ, तर न्याय पाउने आश अझै मरेको छैन। उनीहरूका सुन्निएका खुट्टा र न्याय पर्खिरहेका थकित अनुहार राज्यको संयन्त्र र लघुवित्तको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाइरहेका छन्।

## लहानमा अभियानकै रूपमा बनाइँदै घरघरमा .............

सबैभन्दा बढी दलित, मुसहर परिवारसँग आफ्नै शौचालय नभएको पाइएको छ। केही सम्पन्न घरपरिवारमा शौचालय छैन। यिनै परिवारलाई समेटेर लहान नगरपालिकालाई खुला दिसामुक्त र पूर्ण सरसफाइयुक्त बनाउन विशेष रणनीतिसहित अभियान सुरु गरिएको छ।

मेयर महेश चौधरीका अनुसार दलित जनकल्याण युवा क्लबसँग सहकार्य गर्दै मुसहर बस्तीहरूमा आधुनिक सामुदायिक शौचालय निर्माण कार्यलाई तीव्रता दिएको छ। हालसम्म विभिन्न सुकुम्वासी बस्तीमा ६ वटा सुविधा सम्पन्न सामुदायिक शौचालय निर्माण भई सञ्चालनमा आइसकेको र अन्य क्षेत्रमा विस्तार हुँदै जाने उनले बताए।

लहानलाई शतप्रतिशत शौचालययुक्त नगर बनाउने प्रतिबद्धता व्यक्त गर्दै उनले भने, 'जग्गा नभएर शौचालय बनाउन नसकेका विपन्न मुसहर परिवारका लागि ६ वटा आधुनिक सामुदायिक शौचालय बनाइसकेका छौं र अन्य ठाउँमा बनाउने क्रम जारी छ। लहानलाई खुला दिशामुक्त बनाउने यो अभियानलाई सम्पूर्ण नगरवासीले साझा अभियानका रूपमा सहयोग गर्न अपिल गर्छु।'

अभियानलाई प्रभावकारी बनाउन नगरमा एउटा, २४ वटै वडा र ८१ वटा टोलस्तरीय खानेपानी तथा सरसफाइ स्वच्छता समिति गठन गरी काम सुरु गरिएको छ। यी समितिमा स्थानीय युवा र क्लबलाई सक्रिय बनाउँदै घरायसी सरसफाइ, महिनावारी स्वच्छता व्यवस्थापन र पानीजन्य रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदैछ।

अहिलेसम्म ४ सय ६० घरधुरीमा शौचालय निर्माण सम्पन्न भएको छ। २०३ घरधुरीमा शौचालय निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। खानेपानी र सरसफाइ क्षेत्रमा सहकार्य गरिरहेको विकन परियोजनाका प्रबन्धक राजेश लोहनीले टोलस्तरमै समिति गठन गरेर युवालाई जिम्मेवारी दिइएको र यसले सरसफाइ बानी व्यवहारमा सुधार ल्याउने विश्वास व्यक्त गरेका छन्।

